# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
१ नं. प्रदेश, नेपाल

प.सं.०७७/०७८ (राजश्व)
च.नं.

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

**दोश्रो पटक प्रकाशित सुचना मिति : २०७८/०३/२३**

यस दुहबी नगरपालिका अर्न्तगत तपसिल बमोजिमका आ.व. २०७८/०७९ को लागि मिति २०७९ असाढ मसान्त सम्म को लागि शिलबन्दी बोलपत्र द्वारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक व्यक्ती, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नु हुन दोश्रो पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| सि.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक वार्षिक रु. |
|---|---|---|
| रा.आ.ठे.नं. १ | साप्ताहिक मवेशी पशुचौपाया खरिद विक्री हाटकर दुहवी ४ | २६२०४००।०० |
| रा.आ.ठे.नं. ५ | मवेशी हाट पसल कर दुहवी ४ | १५,०००।०० |
| रा.आ.ठे.नं. ७ | विहिबारे साप्ताहिक हाट कर दुहवी ८ | १८००००।०० |
| रा.आ.ठे.नं. १५ | बुधबारे हाटकर दुहवी न.पा. वडा नं. ८ | १,००,०००।०० |
| रा.आ.ठे.नं. २० | शुक्रबारे हाटकर दुहवि ९ | ४००००।०० |

**शर्तहरु :-**

१. शिलबन्दी वोलपत्र साथ रु.१० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको ५% धरौटी वापत रकम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई. सि. बैक दुहवि शाखामा रहेको धरौटी खाता नं.(१०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैक भौचर संलग्न गर्नु पर्नेछ साथै बैक जमानतको हकमा नेपाल राष्ट्र बैक बाट मान्यता प्राप्त क बर्गको बैक बाट जारी गरेको कम्तीमा ९० दिन म्याद रहेको बैक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

२. शिलबन्दी वोलपत्र साथ वोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । सस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर :ठेक्का नं.१ को लागि रु.३०००/र अरु ठेक्काको हकमा रु. १०००/(फिर्ता नहुने गरी) बोलपत्र फारम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालयको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सुचना जारी भएको ७(सात) औं दिन सम्म (२०७८ /०३/२९), शिलबन्दी बोलपत्र मिति २०७८/०३/३० गते १२:०० बजे सम्म दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७८/०३/३० गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी वोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्ने छ र सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिईनेछ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलप्रत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

९. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१०. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५- ५४००२४ मा सर्म्पक राख्न सकिनेछ ।

११. कवाडि कर ठेक्का सम्वन्धमा मु. अ.कर दर्ता वाला फर्मले मात्र फर्म खरिद गर्न सक्ने छन र उक्त ठेक्कामा १३ प्रतिशत भ्याट समेत थप हुने छ ।

१२ बार्षिक ठेक्का रकम स्विकृत भई सम्झौता भएता पनि १(एक) हप्ता भन्दा बढि नेपाल सरकार बाट लकडाउन् / निषेधाज्ञा जारी भई कर संकलन कार्य रोक्नु पर्ने बाध्यात्मक परिस्थीतिमा सो अबधिको कर छुट मिनाहा दिईने छ । : ।

१३ बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि वोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलि पल्ट दर्ता हुने तथा खोलिने छ ।

दिलीप कुमार न्यौपाने
प्रशासकीय अधिकृत